बागमती प्रदेश सरकार

संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय

बागमती प्रदेश, हेटौडा

# पर्यटन विकास आयोजनासँग सम्बन्धित पूर्वाधार निर्माण योजना कार्यान्वयन कार्यविधि, २०८१

(बागमती प्रदेश सरकार, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको (माननीय मन्त्रीस्तर) निर्णयबाट मिति २०८१/०५/१९मा स्वीकृत)

**बागमती प्रदेश सरकार**

**संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय**

बागमती प्रदेश, हेटौडा

आ.व.२०८१/८२

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

## बिषयसूची


परिच्छेद-१ ........ १
प्रारम्भ ........ १
१.१ पृष्ठभूमी ........ १
१.२ कार्यविधिको सामान्य सिद्धान्त ........ १
१.३. परिभाषाः ........ १
१.४. कार्यक्रम सन्चालन प्रकृयाः ........ ३
१.५. प्राविधिक सर्वेक्षण, लागत अनुमान र स्वीकृतिः ........ ४
परिच्छेद-२ ........ ६
बहुवर्षिय आयोजनाहरु ........ ६
परिच्छेद-३ ........ ७
पर्यटन प्रवर्द्धन तथा पुर्वाधार विकास आयोजनाहरु ........ ७
परिच्छेद ४ ........ ८
संस्कृति तथा सम्पदा संरक्षण सम्बन्धि आयोजनाहरु ........ ८
परिच्छेद ५ ........ ८
डि.पि.आर. निर्माण ........ ८
परिच्छेद ६ ........ ९
उपभोक्ता समितिबाट गरिने कार्य ........ ९
६.१ . उपभोक्ता समिति गठन सम्बन्धी व्यवस्थाः ........ ९
६.२ . उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः ........ १०
६.३ . आयोजना कार्यान्वयनः ........ १०
६. ४ आयोजना सम्झौताको लागि आवश्यक कागजातहरुः ........ १०
६.५ उपभोक्ता समितिको क्षमता विकास ........ ११
६.६ खाता सञ्चालन तथा भुक्तानी प्रकृया ........ ११
परिच्छेद- ७ ........ १४
विविध ........ 14
७.१. असुल उपर गरिनेः ........ १४
७.२ मापदण्ड बनाउन सक्नेः ........ १४

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

## परिच्छेद-१
## प्रारम्भ

१.१ पृष्ठभूमी

बागमती प्रदेश भित्र रहेका प्राकृतिक स्रोतहरुको संरक्षण एवं दीगो व्यवस्थापन तथा पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनबाट स्थानीय र प्रादेशिक समृद्धि हासिल गर्न पर्यटन क्षेत्रको पुर्वाधार विकास, विस्तार र प्रवर्द्धन गरी यस प्रदेशलाई थप आकर्षक तथा सुरक्षित गन्तव्यको रुपमा विकास गर्दै पर्यटन आगमनमा उल्लेखनीय वृद्धि गरी जनताको आयस्तर बढाउनको लागि बागमती प्रदेश सरकार संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय अन्तर्गत पर्यटन विकास आयोजना, हेटौडा र पर्यटन विकास आयोजना इकाई कार्यालय काठमाडौ मार्फत आर्थिक बर्ष २०८१/८२ मा पर्यटन तथा संस्कृति क्षेत्रसँग सम्बन्धित योजनाहरुका लागि बजेट व्यवस्थापन गरेको छ।

प्रदेश सरकार, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, बागमती प्रदेश अन्तर्गत आ.व. २०८१/८२ मा विनियोजित बजेटको परिधिभित्र रहेर स्वीकृत वार्षिक कार्यक्रमहरु पर्यटन विकास आयोजना, हेटौडा तथा पर्यटन विकास आयोजना इकाइ कार्यालय काठमाडौबाट संचालन गरिने गरी बागमती प्रदेश भित्रका १३ वटै जिल्लाहरुको विभिन्न पर्यटन तथा संस्कृति विकास सम्बन्धि आयोजनाहरु संचालन गर्ने गरी बजेट विनियोजन भएको छ। स्वीकृत आयोजनाहरु प्रभावकारी ढंगले सम्पादन भएमा त्यसबाट प्राप्त हुने प्रतिफल समेत गुणस्तरीय भई आशातित उपलब्धि हासिल गर्न सकिन्छ । अतः पर्यटन विकास आयोजनाहरुको स्वीकृत वार्षिक कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन गरी अधिकतम उपलब्धी हासिल गर्ने उद्देश्यले कार्यक्रम संचालन गर्ने निकायलाई कार्यक्रम कार्यान्वयनमा सहजता र एकरुपता आओस् भनी यो "पर्यटन विकास आयोजनासँग सम्बन्धित पूर्वाधार निर्माण योजना कार्यान्वयन कार्यविधि, २०८१ " तयार गरी जारी गरिएको छ ।

१.२ कार्यविधिको सामान्य सिद्धान्त

यो कार्यविधि सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७६ र बागमती प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६, सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धि निर्देशिका, २०७१, प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन कार्यविधि तथा बजेट कार्यान्वयनसँग सम्बन्धित संघीय सरकार, बागमती प्रदेश सरकार र मन्त्रालय जारी गरेका अन्य कार्यविधि तथा निर्देशिकाको हकमा सोही बमोजिम हुने अन्यथा यस कार्यविधि बमोजिम गर्ने गरी प्रदेश बिनियोजन ऐन २०८१ को दफा ११ को उपदफा (२) को अधिनमा रहि संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयले यो "पर्यटन विकास आयोजनासँग सम्बन्धित पूर्वाधार योजना निर्माण कार्यान्वयन कार्यविधि, २०८१" जारी गरेको छ। संस्कृति, पर्यटन तथा संस्कृति मन्त्रालय मातहतमा रहेको पर्यटन विकास आयोजनाहरुको आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रमहरुको संचालन तथा कार्यान्वयन गर्नु यो कार्यविधिको मुख्य लक्ष्य रहेको छ।

१.३. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

(ख) "अध्यक्ष" भन्नाले उपभोक्ता समितिको अध्यक्षलाई सम्झनु पर्दछ।

(ग) "आयोजना" भन्नाले संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय बागमती प्रदेश र सो अन्तर्गतका पर्यटन विकास आयोजनाहरुबाट पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकास निर्माणमा बजेट विनियोजन भएका योजना/आयोजना वा परियोजनालाई सम्झनु पर्छ।

(घ) "उपभोक्ता" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने आयोजना सञ्चालन हुने क्षेत्र भित्रका व्यक्तिलाई जनाउछ।

(ङ) "उपभोक्ता समिति" भन्नाले प्रचलित कानून वमोजिम दर्ता भएका उपभोक्ता समिति वा आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताहरुको भेलाबाट उपभोक्ता समिति गठन गरी आयोजनासँग सम्बन्धित स्थानीय तह वा स्थानीय तहको सम्बन्धित वडाबाट सिफारिस भएको समितिलाई सम्झनु पर्दछ।

(च) "मन्त्रालय"भन्नाले बागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्दछ।

(छ) "कार्यालय"भन्नाले मन्त्रालय अन्तर्गतका पर्यटन विकास आयोजना र ईकाइ कार्यालयलाई सम्झनु पर्दछ।

(ज) "स्थानीय तह" भन्नाले प्रदेश भित्रका महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाँउपालिकालाई बुझाउछ।

(ञ) "पदाधिकारी" भन्नाले उपभोक्ता समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनु पर्दछ।

(ट) "वडा" भन्नाले स्थानीय तह भित्रका वडालाई सम्झनु पर्दछ।

(ठ) "वडा अध्यक्ष" भन्नाले आयोजना सञ्चालन भएको वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ।

(ड) "सदस्य" भन्नाले उपभोक्ता समितिका सदस्यलाई जनाउनेछ र सो शब्दले उपभोक्ता समितिका पदाधिकारीलाई समेत जनाउनेछ।

(ढ) "सम्झौता" भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि कार्यालय र उपभोक्ता समिति वा निर्माण व्यवसायीबीच भएको लिखित करारनामा वा कबुलियतनामालाई सम्झनुपर्दछ।

(ण) "लागत अनुमान" भन्नाले श्रमिकहरुको खर्च, निर्माण सामाग्रीको खर्च, यान्त्रिक उपकरण आवश्यक भए सोको भाडा समेत समावेश गरी निर्माण कार्य गर्न लाग्ने अनुमानित कूल खर्च लगायतलाई सम्झनुपर्दछ र सो शब्दले प्रचलित कानून वमोजिम मू. अ कर, गुणस्तर परीक्षण खर्च, रोयल्टी, कन्टिन्जेन्सी रकम समेत समावेश भएको कूल रकमलाई सम्झनु पर्दछ।

(त) "स्थानीय तह" भन्नाले कार्यक्रम लागु हुने स्थानको स्थानीय तह सम्झनु पर्छ।

(थ) "कार्यक्रम" भन्नाले बागमती प्रदेश सरकार, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय र मातहतको पर्यटन विकास आयोजना तथा इकाई कार्यालयबाट कार्यान्वयन हुने आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम/क्रियाकलाप तथा लागत साझेदारीमा कार्यालयले व्यहोर्ने पूर्वाधार सम्वन्धि परियोजना/योजना समेतलाई सम्झनु पर्छ।

१.४. कार्यक्रम सन्चालन प्रकृयाः

- स्वीकृत बार्षिक कार्यक्रम प्राप्त भए पश्चात् कार्यक्रम कार्यान्वयन योजना बनाई सरोकारवालाहरुको सहभागितामा कार्यक्रम कार्यान्वयन गरिनेछ।
- स्वीकृत बार्षिक कार्यक्रमको विषयगत विशिष्टिकरण र आवश्यकता अनुसार कार्य विभाजन गरी पर्यटन विकास आयोजनाबाट आवश्यक प्राविधिक कर्मचारीहरुलाई जिम्मेवारी तोकिनेछ।
- आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने उपभोक्ताहरु तथा सम्बन्धित स्थानीय तहको अधिकतम सहभागिता गराईनेछ।
- सामुदायिक वन क्षेत्रमा पर्यटन पुर्वाधार सम्बन्धी कार्यहरु प्रचलित वनसँग सम्बन्धित कानून बमोजिम कार्यान्वयन गरिनेछ।
- राष्ट्रिय वन क्षेत्रमा सञ्चालन गरिने कार्यक्रमहरु सम्बन्धित डिभिजन वन कार्यालय र राष्ट्रिय निकुन्ज तथा संरक्षण क्षेत्र भित्रको कार्यक्रमहरु सम्बन्धित राष्ट्रिय निकुन्ज/संरक्षण क्षेत्र कार्यालयसँग समन्वय, सहकार्य र सहमति लिएर मात्र सञ्चालन गरिनेछ।
- कुनै सामुदायिक वन, धार्मिक वन, कवुलियती वन वा वन संरक्षण क्षेत्रको सिमानाभित्र पर्यटकीय आयोजना संचालन हुने भए प्रचलित वन ऐन र नियमावली अनुसार सम्वन्धित वनको कार्ययोजनामा समावेश गरी कार्ययोजना स्विकृत भए पछि मात्र निर्माण कार्य प्रारम्भ गरिनेछ।
- ऐतिहासिक प्राचिन स्मारक तथा पुरातत्वसँग सम्बन्धित आयोजनाहरु पुरातत्व विभागसँग समन्वय, सहकार्य गर्दै नेपाल सरकारको प्राचिन स्मारक सम्बन्धि कार्यविधि, २०६४ बमोजिम गरिनेछ।
- कार्यक्रम संचालन गर्दा मितव्ययी, पारदर्शिता, जनसहभागीताको सिद्धान्तको आधारमा प्रभावकारी ढंगले गरी लाभग्राही समुदायलाई अधिकतम फाईदा र रोजगारी श्रृजना हुने गरी संचालन गरिनेछ।
- कार्यक्रम सञ्चालन गर्दा सकेसम्म स्थानीय समुदाय तथा आदिवासी जनजाती (Indigenous People) को सामाजिक, आर्थिक तथा साँस्कृतिक पक्षलाई नकारात्मक प्रभाव नपर्ने गरि र वातावरणीय पक्षमा सकारात्मक प्रभाव पर्ने कार्यलाई एकीकृत रुपमा सञ्चालन गरिनेछ।
- सन्चालित आयोजनाहरुको सम्बन्धित निकायबाट नियमितरुपमा अनुगमन मुल्याङ्कन गरिनेछ।
- आयोजनाहरुको कन्टिन्जेन्सी खर्च सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली २०६४ र बागमती प्रदेश सरकारको आर्थिक कार्यविधि ऐन तथा नियमावली, प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ प्रदेश सार्वजनिक खर्चको मापदण्डमा भएको व्यवस्था बमोजिम हुनेछ।
- सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम स्थानीय पर्यटकीय पुर्वाधार निर्माण कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न सकिने। तर आयोजनाको निम्न बमोजिमको अवस्थामा बोलपत्र वा दरभाउपत्र वा सोझै खरिदको माध्यमबाट योजना कार्यान्वयन गर्न सकिनेछ :

- प्राविधिक रुपमा जटिल कार्य भनि प्राविधिक प्रतिवेदन प्राप्त भएको,
- १० लाख वा सो भन्दा कम बजेट विनियोजन भएका पर्यटकीय/धार्मिक/साँस्कृतिक सम्पदाहरुको पूर्वाधार निर्माण तथा संरक्षणका कार्य,
- हेभी उपकरणहरु प्रयोग गर्नु पर्ने भनि प्रविधिक प्रतिवेदन प्राप्त भएको कार्य,
- पिलर, बीम तथा स्लाब ढलान / कास्टिङ्ग गर्नु पर्ने र एक पटकमा दुई तला भन्दा बढीको नयाँ ठुला भवन निर्माण वा तला थप कार्य,

  तर,
- पिलर, बीम तथा स्लाब ढलान गर्नुपर्ने भए पनि बजारबाट निर्माण सामाग्री खरीद गरि ज्यामी/कामदार/मजदुर तथा कालीगढहरुलाई डोर हाजीरमा काममा लगाई सम्पन्न गर्न सकिने सानातिना कामहरु जस्तै: प्रवेशद्वार, शौचालय, कम्पाउण्डवाल, सभाहल/भवन, फर्निसिङ, प्रिकाष्ट भवन, ट्रस भवन, प्रिफाव भवन, सानातिना मन्दिर, गुम्वा, चर्च, मस्जिद र सोको परिसरमा गरिने निर्माण कार्य, गजेवो, पाटी, सत्तल, विश्राम स्थल, चौतारा, प्रतिक्षालय, एक तला स्लाव ढलानमाथि पिलर खडा गरी फलामे ट्रसको संरचना; निर्मित भवनमा तलाहरु थप्ने, निर्मित भवनमा प्लाष्टर गर्ने, झ्यालढोकाको काम, रंगरोगन, इन्टरिएर डिजाईन सम्वन्धि काम, सौन्दर्यकरण, मन्दिरको छाना, छाना र भित्तामा वुट्टा निकाल्ने; टायल, मार्वल, मूर्ति, शालिक र सोको प्ल्याटफर्म जस्ता कामहरु उपभोक्ता समितिमार्फत गर्न सकिनेछ।
- कुनै योजनाको कार्यान्वयन गर्न उपभोक्ता समिति इच्छुक नदेखिएको एवं ठेक्का मार्फत कार्य गरिदिन भनी सिफारिस भै आएको काम,
- लाभग्राही समुदायले कम्तिमा १० प्रतिशत लागत सहभागिता व्यहोर्न नसक्ने,
- निर्माण कार्य सम्पन्न भए पश्चात उपभोक्ता समितिमा योजना हस्तान्तरण हुन नसक्ने,
- निर्मित योजनाको संरक्षण तथा मर्मत संभार उपभोक्ता समितिबाट हुन नसक्ने।

१.५. प्राविधिक सर्वेक्षण, लागत अनुमान र स्वीकृतिः

- आयोजना कार्यान्वयन गर्न अगाडी अन्य सार्वजनिक निकायबाट स्वीकृति वा अनुमति लिनु पर्ने भए सो प्राप्त गरे पश्चात मात्रै योजना कार्यान्वयन गरिनेछ।
- पर्यटन विकास आयोजनाको विषयगत प्राविधिकबाट आयोजनास्थलको स्थलगत अवलोकन गरि फिल्ड सर्वेक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ। सो प्रतिवेदनको आधारमा विस्तृत सर्भे गरि डिजाइन तथा लागत अनुमान तयार गरिनेछ।
- त्यस्तो डिजाइन तथा लागत अनुमान तयार गर्दा सम्बन्धित स्थानीय तह तथा उपभोक्ता समूहको माग, सुझाव, र आवश्यकतालाई पनि आधार लिन सकिने छ।

तर

- प्रदेश सरकारको लागत साझेदारीमा नयाँ निर्माणहुने साँस्कृतिक सम्पदाहरु जस्तै मठ मन्दिर, गुम्बा आदिको डिजाइन गर्दा रड र सिमेन्ट आदीको प्रयोगलाई न्यूनीकरण गर्दै नेपाली काठ तथा स्वदेश सामाग्रीको प्रयोगलाई बढावा दिने गरी र नेपाली मौलिक कला र संस्कृति झल्कने किसिमको डिजाईनलाई प्राथमिकता दिनु पर्नेछ ।
- लागत अनुमान तयार गर्दा प्रचलित नर्म्स, जिल्ला दररेट वा सम्बन्धित स्थानीय तहको दररेटलाई आधार लिईनेछ।
- वार्षिक कार्यक्रम संचालन गर्ने उपभोक्ता समिति, लक्षित समूह र सरोकारवाला पक्षले सम्बन्धित योजनाको अवधारणा, कार्ययोजना, गुरुयोजना, डि.पी.आर. तथा लागत अनुमान सरकारी निकाय, स्थानीय तह नेपाल सरकारबाट मान्यता प्राप्त सेवा प्रदायक संस्था वा कम्पनीबाट तयार गरी पेश गर्न सक्नेछ। उक्त कागजातहरु आयोजनाका प्राविधिकबाट पुनरावलोकन गरी आवश्यक भएमा स्वीकृत गर्न सकिनेछ।
- लागत अनुमान प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम स्वीकृत गरिनेछ।
- यस कार्यक्रम अन्तर्गत सञ्चालन गरीने क्रियाकलापहरुको लागि आवश्यक जग्गा सम्बन्धित व्यक्ति, फर्म, संघसंस्था वा कम्पनीको नाममा रहेको हुनुपर्नेछ। अन्य सार्वजनिक तथा सरकारी जग्गा प्रयोग गर्ने हो भने प्रचलित ऐन नियम तथा कानुनले तोकेको मापदण्ड पुरा गरी भोगाधिकार लिए पश्चात कार्यक्रम संचालन गरिनेछ। जग्गा व्यवस्थापनको जिम्मेवारी मन्त्रालय तथा अन्तरगतका निकायको रहने छैन।
- संचालित क्रियाकलापहरुलाई थप प्रभावकारी बनाउन सम्बन्धित स्थानीय तहहरु तथा स्थानीय सरोकारवालाहरु संग पनि समन्वय र सहकार्य गरी कार्यक्रम संचालन गर्न सकिनेछ।
- स्विकृत वार्षिक कार्यक्रममा तोकिए बमोजिमको परिमाण र विनियोजित बजेटको परिधि भित्र रही कार्यक्रम कार्यान्वयन गरिनेछ।
- एउटै प्रकृतिको काम गर्ने उपभोक्ता समिति (हरु) मौजुदा रहेको खण्डमा पुराना उपभोक्ता समितिहरु (जस्तै वन उपभोक्ता समिति, मन्दिर व्यवस्थापन समिति, खानेपानी उपभोक्ता समिति आदि) लाई नै प्राथमिकतामा राखी कामकाज गर्न सकिनेछ। तर सोको लागि सम्बन्धित लाभग्राही समुदायको बैठक बसी सो उपभोक्ता समितिलाई कामको जिम्मेबारी दिने भनी निर्णय गरिएको हुनुपर्दछ।
- कुनै पूर्वाधार विकास योजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भईसकेको तर बहुवर्षीय योजनाको रुपमा नतोकिएको र डिपिआर बमोजिम कुल लागत रकम एकमुष्ट विनियोजन नभई आंशिक रुपमा बजेट रकम विनियोजन भएको अवस्थामा सालवसाली कार्यक्रमको रुपमा तोकिएको बजेटको परिधि भित्र रही उपभोक्ता समिति वा व्यवस्थापन समिति मार्फत कार्यसञ्चालन गर्न सकिनेछ। तर, सम्बन्धित निकायबाट बहुवर्षीय योजनाको रुपमा तोकिएको भएमा ठेक्का प्रकृया द्वारा पूर्वाधार निर्माण कार्यक्रम सञ्चालन गरिनेछ।
- विनियोजित कार्यक्रम, मन्दिर/गुम्बा/मस्जिद/चर्च लगायतहरुको लक्ष्य, उद्देश्य र स्वरूपमा फरक नपर्ने गरी आयोजना स्थलमा के कस्ता कृयाकलापहरु सञ्चालन गर्ने भन्ने विषयमा सम्बन्धित उपभोक्ता समिति तथा

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

लाभग्राही समूहद्वारा पहिचान गरेबमोजिम प्राविधिक द्वारा लागत अनुमान तथा अध्ययनका आधारमा तय गरिनेछ । उपभोक्ता समिति मार्फत गरिने पूर्वाधार निर्माणको लागि आवश्यक जग्गा सम्बन्धित निकाय सँग समन्वय गरी उपभोक्ता समितिले छलफल गरी निर्धारण गर्नेछ ।

- निर्माण कार्य सम्पन्न भई सके पश्चात पर्यटन विकास आयोजना मार्फत सम्बन्धित योजनाको फरफारक र पूर्वाधार हस्तान्तरण गरिनेछ । तत् पश्चात उक्त आयोजना/निर्माणकार्यको रेखदेख तथा मर्मत सम्भार गर्ने सम्पूर्ण जिम्मेबारी लाभग्राही समूहको हुनेछ । विगतका वर्षहरुमा प्रदेश पर्यटन विकास आयोजना वा मन्त्रालय अन्तर्गतका अन्य निकायहरुबाट कार्यसञ्चालन भई फरफारक तथा पूर्वाधार हस्तान्तरण भइसकेका स्थानहरुमा समेत यस वर्ष कार्यक्रम सञ्चालन गर्नुपरेमा कृयाकलापहरु तथा कार्य एकाईमा दोहोरोपना नहुनेगरी सोही लाभग्राही समूह मार्फत उपभोक्ता समिति गठन गरी चालु आर्थिक बर्षमा विनियोजन भएका कार्यक्रमहरु सञ्चालन गर्न बाधा पर्ने छैन ।
- कार्यसम्पन्न प्रतिवेदन र खर्चको सक्कल विल भरपाई लगायतका कागजात प्राप्त भए पश्चात प्रचलित ऐन नियमानुसार कार्यसम्पादनको आधारमा भूक्तानी हुनेछ ।

## परिच्छेद-२
## बहुवर्षिय/क्रमागत आयोजनाहरु

१. विगतका आर्थिक बर्षमा सम्झौता भएका वहुबर्षिय आयोजनाहरुको भुक्तानी, भेरियसन, आदेश, मुल्य समायोजन, म्याद थप लगायतका व्यवस्था सम्बन्धित निर्माण व्यवसायीसँग भएको सम्झौताका शर्त तथा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम कार्यान्वयन गरिनेछ ।

२. विगत आ.व. मा खरिद सम्झौता भई कार्यान्वयनमा रहेका बहुवर्षिय ठेक्काका योजनाहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४, प्रदेश सार्वजनिक खरिद नियमावलि २०७६, र प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०८० ले निर्दिष्ट गरे बमोजिम कार्यान्वयन गरिनेछ।

३. चालु आर्थिक बर्षमा वहुबर्षिय आयोजना सन्चालन गर्न देहायका विवरण खुलाई आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमती लिई खरिद प्रकृया अगाडी बढाउन सकिनेछः

(क) आयोजनाको कुल लागत अनुमान

(ख) आयोजना सम्पन्न हुने अवधि

(ग) स्वीकृत खरिद गुरु योजना,

(घ) विस्तृत परियोजना प्रतिवेदन

(ङ) चालु आर्थिक बर्षमा विनियोजन भएको रकम

(च) आयोजनाको आवश्यकताको पहिचान, छनौटको आधार, उद्देश्य, औचित्य, लाभ लागत विश्लेषण, लाभान्वित जनसंख्या, अपेक्षित उपलब्धि लगायतका विवरण,

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

(छ) प्रचलित कानून बमोजिमको अन्य विषय र आर्थिक मामिला तथा योजना मन्त्रायले माग गरेको विवरण

४. सन्चालित वहुबर्षिय आयोजनाहरुको अनुगमन कार्य आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नीति योजना आयोग तथा संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय एवम् सरोकारवाला निकायहरुको संयुक्त टोलीबाट यस आर्थिक बर्षमा कम्तीमा एक पटक अनुगमन गर्न सक्नेछ।

५. सम्पन्न भएका आयोजनाहरुको अन्तिम विल भुक्तानीको लागि कागजातहरु पेश गर्दा गुणस्तरीयता परीक्षण प्रतिवेदन समेत संलग्न राखी पेश गर्नु पर्नेछ।

६. आयोजनाकोहरुको त्रैमासिकरुपमा भौतिक तथा वित्तीय प्रगतिको समिक्षा गरिनेछ।

७. विगत आ.व. मा खरिद सम्झौता भई, म्याद थप गरी कार्यान्वयनमा रहेका क्रमागत योजनाहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, प्रदेश सार्वजनिक खरिद नियमावलि २०७६, प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७८ ले निर्दिष्ट गरे बमोजिम कार्यान्वयन गरिनेछ।

## परिच्छेद-३

## पर्यटन प्रवर्द्धन तथा पुर्वाधार विकास आयोजनाहरु

१. प्रदेशभित्र बढी भन्दा वढी पर्यटक आकर्षण गर्न पहिचान भई सकेका पर्यटकीय क्षेत्र तथा सम्भाव्य अन्य पर्यटकीय स्थानहरुमा पर्यटनका लागि आवश्यक पूर्वाधार विकासका कार्यहरु गरी पर्यटनको विस्तार तथा प्रवर्द्धन गर्नको लागि आयोजनाहरु सञ्चालन गरिनेछ।

२. स्वदेशी तथा स्थानीय वस्तु उपयोगलाई प्राथमिकता दिई आयोजनाको विस्तृत लागत अनुमान तयार गरी आयोजना कार्यान्वयन गरिनेछ।

३. स्वीकृत कार्यक्रममा समावेश भएका आयोजनाको निर्माण कार्य प्रचलित सार्वजनिक खरिद ऐन नियमावली बमोजिम हुनेछ। उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाहरुको कार्यविधि परिच्छेद-६ बमोजिम हुनेछ।

४. पर्यटन विकास आयोजनामा रहेको मौजुदा जनशक्तिहरुको परिचालन गरी आयोजना कार्यान्वयन गरिनेछ र चालु आर्थिक वर्षको बैशाख मसान्तसम्ममा आयोजनाहरु सम्पन्न हुने गरी सम्झौता गरिनेछ। बहुवर्षिय आयोजनाको हकमा समयसीमा सोही आयोजनाको सम्झौतामा तोकिएबमोजिमको हुनेछ।

५. संचालित आयोजनाहरुको नियमित अनुगमन, मुल्यांकन पर्यटन विकास आयोजनाहरु तथा संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयबाट हुनेछ।

६. सम्पन्न भएका आयोजनाहरुको अन्तिम बिल भुक्तानीको लागि कागजात पेश गर्दा आवश्यकताअनुसार गुणस्तरीयता परीक्षणको प्रतिवेदन तथा सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणको प्रतिवेदन समेत पेश गर्नु पर्नेछ।

७. आयोजनाहरुको त्रैमासिक रुपमा भौतिक तथा वित्तीय प्रगतिको समिक्षा गरिनेछ।

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

## परिच्छेद ४

## संस्कृति तथा सम्पदा संरक्षण सम्बन्धि आयोजनाहरु

१. प्रदेशभित्रका धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका मठ, मन्दिर, गुम्बा, थान, मस्जिद, चर्च, क्रियापुत्री भवनको निर्माण, जिर्णोद्वार, संरक्षण तथा प्रवर्द्धनका साथै धार्मिक पर्यटन वढाउने गरी तिनको धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक महत्वको जगेर्नाका आयोजनाहरु सञ्चालन गरिनेछ ।

२. पुरातत्त्वीक महत्त्वका क्षेत्रमा आयोजना सञ्चालन गर्दा आवश्यकता अनुसार पुरातत्व विभाग वा सम्बन्धित निकायसँग समन्वय गरी गरिनेछ ।

३. संस्कृतिसँग सम्बन्धित क्षेत्रमा आयोजना सञ्चालन गर्दा आवश्यकता अनुसार सम्बन्धित विज्ञसँग परामर्श गरी सञ्चालन गरिनेछ ।

४. स्वीकृत कार्यक्रममा समावेश भएका आयोजनाको निर्माण कार्य प्रचलित सार्वजनिक खरिद ऐन नियमावली बमोजिम हुनेछ। उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाहरुको कार्यविधि परिच्छेद ६ बमोजिम हुनेछ ।

५. पर्यटन विकास आयोजनामा रहेको मौजुदा जनशक्तिहरुको परिचालन गरी आयोजना कार्यान्वयन गरिनेछ र चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्ममा आयोजनाहरु सम्पन्न हुने गरी सम्झौता गरिनेछ । बहुवर्षिय आयोजनाको हकमा समयसीमा सोही आयोजनाको सम्झौतामा तोकिएबमोजिमको हुनेछ ।

६. संचालित आयोजनाहरुको नियमित अनुगमन, मुल्यांकन पर्यटन विकास आयोजनाहरु तथा संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयबाट हुनेछ ।

७. सम्पन्न भएका आयोजनाहरुको अन्तिम बिल भुक्तानीको लागि कागजात पेश गर्दा आवश्यकताअनुसार गुणस्तरीयता परीक्षणको प्रतिवेदन तथा सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणको प्रतिवेदन समेत पेश गर्नु पर्नेछ ।

८. आयोजनाहरुको त्रैमासिक रुपमा भौतिक तथा वित्तीय प्रगतिको समिक्षा गरिनेछ ।

## परिच्छेद ५

## डि.पि.आर. निर्माण

१. पर्यटन विकास आयोजनाहरुको डि.पि.आर. गर्नुपर्ने सूचि तयार गरेर महत्वपूर्ण आयोजनाहरुको मात्र डि.पि.आर तयार गर्ने कार्य गरिनेछ ।

२. डि.पि.आर तयार गर्न सो विषयसँग विज्ञता भएका मन्त्रालयमा कार्यरत कर्मचारीलाई प्राथमिकता दिने, आफूसँग सो नभए सम्बन्धित मन्त्रालयसँग समन्वय गरी आग्रह गर्ने र सो नभए सूचिकृत कन्सल्टेन्सीबाट परामर्श सेवा खरिद गरी तयार गरिनेछ ।

३. अध्ययन गरिने क्रियाकलापको लागि सम्बन्धित प्राविधिकको सहयोगमा कार्य क्षेत्रगत शर्त (TOR) तथा लागत अनुमान तयार गरी स्वीकृत गरिने र प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावाधान बमोजिम परामर्शदाताको छनौट गरी सम्झौता गरिनेछ ।

४. सम्झौता पश्चात् सरोकारवालाहरुको समेत सहभागितामा डि.पि.आर. को मस्यौदा प्रतिवेदनको प्रस्तुतीकरण गर्ने र संशोधन तथा थप गर्नुपर्ने भएमा पृष्ठपोषण दिई अन्तिम प्रतिवेदन तयारी गरिनेछ।

## परिच्छेद ६
## उपभोक्ता समितिबाट गरिने कार्य

६.१ . उपभोक्ता समिति गठन सम्बन्धी व्यवस्था:

(क) सम्बन्धित स्थानीय तहको जनप्रतिनिधि वा कार्यालयको प्रतिनिधिको रोहबरमा आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजनास्थलमानै सात देखि एघार (७ देखि ११ जना) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ।

(ग) आयोजना सञ्चालनको लागि उपभोक्ता समितिको गठन गर्दा सम्वन्धित वडा अध्यक्ष वा निजले तोकेको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ।

(ङ) उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्ने छ। समितिमा कम्तिमा तेत्तीस प्रतिशत (३३%) महिला सदस्य हुनुपर्नेछ। समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ।

(च) एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको पदाधिकारी हुन पाउने छैन। साथै सगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन।

(छ) उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ। सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समितिको गठन गरिने छ।

(ज) उपभोक्ताहरुको लागत सहभागितामा सञ्चालन हुने आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गर्न प्राथमिकता दिईनेछ।

(झ) उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नु पर्ने काम समिति आफैंले गर्नु गराउनु पर्नेछ। अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा सस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन। तर सामुदायिक वन, सामुदायिक स्तरका सहकारी संस्थाहरु, कानून बमोजिम गठन भएका अन्य सामुदायिक संस्थाहरुबाट आयोजनाको कार्य सन्चालन गर्न/गराउन उपभोक्ता समितिबाट निर्णय भई आएमा यस कार्यविधि बमोजिम कार्य सन्चालन गर्न/गराउन सकिनेछ।

(ञ) कार्यालयले आयोजना सञ्चालन एवम् कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख **अनुसूची १** बमोजिमको ढाँचामा व्यवस्थित गर्नु पर्नेछ।

(ट) उपभोक्ता समितिका सदस्यहरुको योग्यता देहाय बमोजिम हुनेछः-

- सम्वन्धित आयोजना क्षेत्रको स्थायी वासिन्दा
- १८ वर्ष उमेर पुरा भएको
- फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको
- सरकारी बाँकी बक्यौता वा पेश्की फछ्यौट गर्न बाँकी नरहेको
- अन्य उपभोक्ता समितिमा पदाधिकारी नरहेको

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

○ जनप्रतिनिधि, बहालवाला सरकारी कर्मचारी, शिक्षक, राजनीतिक दलका पदाधिकारी, वा प्रदेश सन्चित कोषबाट तलब भत्ता खाने पदाधिकारी नभएको।

६.२ . उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः

(क) सम्झौता बमोजिम परिमाण, गुणस्तर, समय, लागत तथा डिजाईन अनुसार कार्य सम्पादन गर्ने,

(ख) उपभोक्ताहरुलाई कार्यालयबाट प्राप्त सूचना तथा कार्यविधिको जानकारी गराउने,

(ग) सम्झौता बमोजिम कार्य शुरु गर्दा कार्यालयबाट आवश्यक निर्देशन प्राप्त गर्नु पर्ने भए प्राप्त गरेर मात्र शुरु गर्ने,

(घ) उपभोक्ता समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरुको कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने,

(ङ) उपभोक्ता समितिका सदस्यहरुको क्षमता विकास गर्ने।

(च) योजना सन्चालनको सन्दर्भमा नियमितरुपमा बैठक बस्ने, उपभोक्ताहरुलाई कार्यालयबाट प्राप्त सूचना तथा कार्यविधिको जानकारी गराउने, निर्णय सम्बन्धित निकायमा पठाउने व्यवस्था गर्ने।

(छ) सम्झौता बमोजिमको कामको परिमाण, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नु पर्ने देखिएमा कार्यालयलाई अनुरोध गर्ने,

(ज) आयोजनाको सार्वजनिक परीक्षण गराउने,

(झ) आयोजनाको दिगो व्यवस्थापन सम्बन्धी आवश्यक अन्य कार्यका साथै मर्मत संभारको कार्य गर्ने।

(ज) आयोजनामा अन्य कुनै कार्यालय वा निकायवाट बजेट परेको भए सो वारे कार्यालयमा जानकारी गराउने।

(ञ) योजना सम्पन्न भई सकेपछि कार्यालयलाई जानकारी गराउने र नियमानुसार फरफारक गराउने दायित्व उपभोक्ता समितिको हुनेछ। उपभोक्ता समितिले आयोजनाको फरफारकको लागी कार्यालयमा कागजात पेश गर्दा अनुसूची-२ को ढाँचामा आयोजनाको भौतिक तथा वित्तिय प्रतिवेदन पेश गर्नु पर्नेछ।

(ट) अन्य प्रचलित ऐन नियममा उपभोक्ता समितिलाई तोकिएको कार्यहरु गर्ने।

६.३ . आयोजना कार्यान्वयनः

(क) कार्यालयले उपभोक्ता समितिबाट संचालन हुने आयोजना, परियोजना र कार्यक्रमहरु पहिचान छनौट गरी कार्यान्वयन योजना बनाउनु पर्नेछ। उपभोक्ता समिति गठन पश्चात आयोजनाको ड्रईङ, डिजाईन र लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिलाई उपलब्ध गराउनु पर्नेछ।

(ख) उपभोक्ताले सम्बन्धित आयोजनामा लागत अनुमान अंकको कम्तिमा दश प्रतिशत १०% जन श्रमदान व्यहोर्नु पर्नेछ।

(ग) आयोजनाको कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालयबीच अनुसूची ३ बमोजिमको ढाँचामा सम्झौता गरी कार्यालयले उपभोक्ता समितिलाई अनुसूचि ४ बमोजिमको ढाँचामा कार्यादेश दिनुपर्नेछ।

(च) आयोजना कार्यान्वयन गर्न अगाडी अन्य सार्वजनिक निकायबाट स्वीकृति वा अनुमति लिनु पर्ने भए सो प्राप्त गरे पश्चात मात्रै योजना कार्यान्वयन गर्नु पर्नेछ।

६. ४ आयोजना सम्झौताको लागि आवश्यक कागजातहरुः

○ उपभोक्ता समिति गठन गर्ने भेलाको निर्णयको वडा अध्यक्षबाट प्रमाणित प्रतिलिपि,

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

- उपभोक्ता समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि,
- सम्बन्धित स्थानीय तहको सिफारिस,
- संभवभए सम्म योजना कार्यान्वयन क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको सिफारिस,
- उपभोक्ता समितिबाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय,
- योजनाको कूल लागतको कम्तीमा १० प्रतिशत रकम उपभोक्ता समितिको बैक खातामा जम्मा गरेको प्रमाण,
- आयोजनाका प्राविधिकले तयार पारेको डिजाईन, नक्सा सहितको लागत अनुमान सहित सम्झौता सिफारिस प्रतिवेदन,
- उपभोक्ता समितिले सम्झौता गरी पाउनको लागि दिएको निवेदन।
- प्रचलित कानून वमोजिम उपभोक्ता समिति दर्ता भएको प्रमाणपत्र वा दफा ६.१ बमोजिम गठन भई सम्बन्धित स्थानीय तहबाट वा सो स्थानीय तहको सम्बन्धित वडाबाट उपभोक्ता समिति गठन सम्बन्धि व्यहोराको सिफारिस पत्र।
- खाता सञ्चालन गर्ने पदाधिकारी तोकिएको निर्णय र खाता सञ्चालनको लागि आवश्यक कागजातहरु

६.५ उपभोक्ता समितिको क्षमता विकास

कार्यालयले आयोजनाको कार्यान्वयनको लागि कार्यादेश भएपश्चात् उपभोक्ता समितिका पदाधिकारीहरुलाई निम्न विषयमा अभिमुखिकरण गर्न सक्नेछः-

- उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार,
- सम्पादन गर्नु पर्ने कामको विवरण, काम सम्पन्न गर्नुपर्ने अवधि, लागत र उपभोक्ताको योगदान
- निर्माण सामाग्रीको गुणस्तर र परिमाण
- खरिद, रकम निकासा प्रकृया, खर्चको लेखाकंन र अभिलेख व्यवस्थापन
- आयोजनाको कार्यान्वयन, अनुगमन प्रकृया, सार्वजनिक परीक्षण, योजनाको फरफारक र हस्तान्तरण
- अन्य आवश्यक विषयहरु।

६.६ खाता सञ्चालन तथा भुक्तानी प्रकृया

(क) उपभोक्ता समितिको खाता सञ्चालनका लागि निर्णय भई आएमा कार्यालयले निर्णय बमोजिमको " बैंकमा खाता सञ्चालनको लागि सिफारिस गर्नेछ।

(ख) समितिको खाता अध्यक्ष वा सचिव र कोषाध्यक्ष गरी कम्तीमा दुई जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(ग) उपभोक्ता समितिलाई सम्झौता बमोजिम आयोजनाको अन्तिम भुक्तानीको लागि उपभोक्ता समितिको निर्णय, सम्बन्धित स्थानीय तहको सिफारिस पत्र, सम्बन्धित प्राविधिकको नापी किताव, मूल्यांकन प्रतिवेदन, ठेक्का बिल, कार्य सम्पन्न प्रतिवेदन र सार्वजनिक परीक्षणको प्रतिवेदन, प्राविधिकको नापी मूल्यांकन बमोजिमको बिल भर्पाई तथा प्रमाणित डोरहाजिरी र अन्य आवश्यक कागजातहरु पेश गर्नु पर्नेछ।

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

(घ) उपभोक्ता समितिलाई आयोजनाको अन्तिम भुक्तानी दिंदा कार्यसम्पन्न परीमाणको आधारमा पाँच प्रतिशत (५%) धरौटी तथा नियमानुसार कर कट्टा गरी सम्झौता गर्दाका बखत पेश भएको उपभोक्ता समितिको नाममा रहेको बैक खातामार्फत दिनु पर्नेछ।

(च) उपभोक्ता समितिले सम्पादन गरेको काम र भएको खर्चको विवरण समितिको बैठकबाट निर्णय गरी वडा अध्यक्षबाट प्रमाणित गरी भुक्तानीको लागि आवश्यक कागजात सहित कार्यालयमा पेश गर्नुपर्नेछ।

(छ) आयोजनाको अन्तिम भुक्तानी हुनुभन्दा अगावै संभव भएसम्म कार्यालयबाट अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(ज) आयोजना सम्पन्न भई फरफारक गर्नु भन्दा अगावै उपभोक्ता समितिले अनिवार्य रुपमा सम्बन्धित स्थानीय तहको जनप्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गर्नु पर्नेछ। सार्वजनिक परीक्षण प्रतिवेदनको ढाँचा अनुसूची ५ बमोजिम हुनेछ।

(झ) उपभोक्ता समितिले काम शुरु गर्नु भन्दा अगावै आयोजनाको नाम, लागत, लागत साझेदारीको अवस्था, काम शुरु र सम्पन्न गर्नु पर्ने अवधि समेत देखिने गरी तयार गरिएको अनुसूची ६ बमोजिमको ढाँचामा आयोजना सूचना पाटी आयोजना स्थलमा कार्य सम्पन्न नहुन्जेल सम्म राख्नु पर्नेछ।

(ञ) उपभोक्ता समितिलाई सम्बन्धित कार्यालयले ड्रइङ्ग, डिजाइन, लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास गर्ने लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनेछ।

(ट) उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरूको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेवारी जनप्रतिनिधि, सम्बन्धित प्राविधिक कर्मचारी, उपभोक्ता समिति र अनुगमन समितिको हुनेछ।

(ठ) तोकिएको समयमा उपभोक्ता समिति गठन हुन नसकेमा, सम्झौता हुन नसकेमा वा सम्झौताको शर्त बमोजिम कार्य सम्पादन हुन नसकेमा कार्यालयले प्रचलित कानून बमोजिम अन्य प्रकृयाद्वारा काम गराउन सक्नेछ।

(ड) आयोजनामा अन्य कुनै कार्यालय वा निकायवाट बजेट खर्च भएमा वा काममा डुप्लिकेसन भएमा कार्यालयले भुक्तानी गर्न वाध्य हुने छैन।

(ढ) भुक्तानीको लागि अनुगमन समितिवाट अनिवार्य सिफारिस गर्नुपर्दछ।

(ण) उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना अनुसूची ७ बमोजिमको ढाँचामा सार्वजनिक गर्नु पर्नेछ।

६.७. भुक्तानीका लागि पेश गर्नु पर्ने कागजात:

(२) सम्पन्न कामको अन्तिम किस्ता भुक्तानी गर्दा देहायको कागजातहरु संलग्न गर्नुपर्नेछ।

(क) सम्वन्धित उपभोक्ता समितिको काम सम्पन्न भएको जानाकारीको निर्णय सहितको भुक्तानी माग निवेदन,
(ख) उपभोक्ता समितिको विल भरपाई र खर्च समर्थन गरेको निर्णय,
(ग) सामाजिक लेखापरिक्षण र खर्च सार्वजनिकिकरणको निर्णय,
(घ) अनुगमन समितिको प्रतिवेदन,
(ङ) सम्वन्धित पालिका वा वडा कार्यालयको सिफारिस,
(च) सम्पन्न कामको नापी किताव,
(छ) किस्ता भुक्तानी विल,

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

(ज) कार्य सम्पन्न प्रतिवेदन,
(झ) सम्पन्न कामको फोटोहरु,
